# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्या:- ६

मिति:- २०८२।०८।११ गते बिहिवार

बैठक प्रारम्भ:- बिहान ०८:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ्ग | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३.नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ्ग | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं.) वडाध्यक्ष | श्री शान्ति बहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ६

मितिः- २०८२।०८।११ गते बिहिवार

बैठक प्रारम्भः- बिहान ०८:०० बजे

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।

२. योजना तथा कार्यक्रम सम्बन्धमा।

३. अख्तियारीनामा सम्बनधमा ।

४. करुवा पार्क सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

क) कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैंक सुदृढीकरण कार्यक्रम

ख) माटो परीक्षणकालागि वडा छनौट सम्बन्धमा ।

ग) आँप लिचि प्रवर्द्धन,बगैंचा ब्यबस्थापन तथा सुदृढीकरण कार्यक्रम

घ) चैंनपुर बाह्रबिसे सडकको भेरियसन अर्डर सम्बन्धमा ।

ङ) न्यायिक समितिका लागि कानुनी सल्लाहकार तथा पारिश्रमिक सम्बन्धमा ।

च) जिल्ला अदालत चैनपुर तथा उच्च अदालत बिराटनगरमा नगरपालिकाको तर्फबाट बहस पैरवी गर्ने कार्यको लागि पारिश्रमिक सम्बन्धमा ।

छ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १७२ मिति २०८२/०८/०९ पत्र सम्बन्धमा ।

ज) जिल्ला प्रशासनको च.नं ८८५ मिति २०८२/७/१७ को पत्र सम्बन्धमा ।

झ) इलाका प्रहरी कार्यालय चैनपुरबाट रकम माग सम्बन्धमा ।

ञ) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

ट) नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा ।

ठ) योजना फेरबदल संसोधन सम्बन्धमा ।

ड) कर्मचारीको जिम्मेवारी परिवर्तन एवं जिम्मेवारी थपघट सम्बन्धमा ।

ढ) आर्थिक सहयोग सम्बन्धमा ।

ण) संखुवासभा ब्राइटफ्युचर अंग्रेजी विद्यालयको कक्षा संचालन निरन्तरता सम्बन्धमा।

त) आधारभूत स्वस्थ्य केन्द्रलाई निशुल्क जग्गा प्राप्ति सम्बन्धमा।

थ) २ नं वडा कार्यालय नयाँ भवनमा सार्ने सम्बन्धमा ।

द) सिद्देश्वर बहुद्देश्य सहकारी संस्था संचालन खर्च सम्बन्धमा ।

ध) विद्यालय मर्मत सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ६

मितिः- २०८२।०८।११ गते बिहिवार बैठक प्रारम्भः- बिहान ०८:०० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ असोज ३० गते बसेको पाँचौ कार्यपालिकाको निर्णय समिक्षा गर्दा उक्त बैठकको निर्णय नं २ का सन्दर्भमा तोकिएका कार्यहरु कार्यान्वयन भइरहेको साथै अस्थायी करार ज्यालादारी कर्मचारी हटाउने सम्बन्धमा नगर तथा अन्तर्गतका कार्यालयहरुबाट सम्पादन गरिने कार्यको सन्दर्भमा सेवा प्रवाहको अवस्थालाई मध्यनजर गरी अध्ययन भइरहेको साथै निर्णय नं ३ को सम्बन्धमा औषधि तथा केमिकल खरिदको भुक्तानी रकम एकिन भइनसकेको साथै अन्य निर्णयहरु कार्यान्वयन भएको पाइयो । कर्मचारी सम्बन्धी कार्यको अध्ययन प्रविवेदन एक महिना भित्र सम्पन्न गर्ने ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.ब. २०८२/०८३ का लागि संचालन गर्नु पर्ने नगरस्तरीय तथा प्रदेश तथा संघीय सरकारबाट प्राप्त योजना तथा कार्यक्रमहरुको संचालनको लागि योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्न आ-आफ्नो वडाबाट आवश्यक तयारी साथ नगरमा योजना तथा कार्यक्रमका लागि अनुरोध गर्ने हाल नगर अस्पतालमा थप पूर्वधारहरु निर्माणाधीन अबस्थामा रहेको र मुख्य बाटो अवरोध भएको हुँदा बैकल्पिक बाटोको रुपमा गैरी कुवा देखि अस्पताल सम्मको सोलिङ भएको बाटोमा ग्रावेल गर्न पर्ने देखिएको हुँदा सो कार्यको लागि प्राविधिक स्टिमेट बमोजिम बढीमा रु ३००००० भित्र रही ग्राभेल गर्ने साथै जिरो प्वाइन्टमा सार्वजनिक शौचालय निर्माणका लागि प्राविधिक स्टिमेट बमोजिम बढीमा रु ७००००० लाख भित्र रही निर्माण सम्पन्न गर्ने ।कार्यालयको प्रशासनिक भवनको माथिल्लो तल्लाको तीन ओटा कोठामा फँल्स सिलिङ्ग लगायतका लागि प्राविधिक स्टिमेट बमोजिम बढीमा रु ३५०००० भित्र रही निर्माण सम्पन्न गर्ने र उपरोक्त कार्यहरुको लागि आगामी नगरसभाबाट अनुमोदन गराउने गरी आ.ब २०८२/०८३ का लागि स्वीकृत योजना तथा कार्यक्रम क्र.म संख्या ९२ मा उल्लेखित चटयाङबाट हुने क्षति न्युनिकरणका लागि लाईटेनिङ्ग रड राख्ने कार्यक्रमबाट रकमान्तर गर्ने ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा श्री उच्च अदालत बिराटनगरबाट निबेदक होमनारायण सापकोटा समेत बिपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी सुनसरी, चैनपुर नगरपालिकाको कार्यालय चैनपुर संखुवासभा,नगरप्रमुख चैनपुर नगरपालिकाको कार्यालय संखुवासभा,प्रमुख प्रशासकीय अधिकृत चैनपुर नगरपालिका संखुवासभा बिपक्षी रहेको मुद्धा नं ०८२-WO-०१०८/उत्प्रेषणयुक्त परमादेश मुद्धाको सन्दर्भमा बिपक्षको तर्फबाट प्रतिउत्तर पत्र मस्यौदा गरीँ दर्ता गर्न वारिस नियुक्त गर्न बहस पैरबी लगायत प्रस्तुत मुद्धा उच्च अदालतमा किनारा नलागेसम्म मुद्धासँग सम्बन्धित अन्य कार्य गर्न अधिबक्ता पर्शुराम रिजाललाई अख्तियारी प्रदान गर्ने ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ६

मितिः- २०८२।०८।११ गते बिहिवार बैठक प्रारम्भः- बिहान ०८:०० बजे

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिरो प्वाइन्ट स्थित करुवा पार्कमा पार्कभित्र करुवास्तम्भ मुनि पानी जम्मा भइ निकासको उचित ब्यबस्थापन हुन नसकेको कारणले पानी फोहोरु हुन गइ डेङ्गु लगायतका रोगको सङक्रमण हुन सक्ने सम्भावना साथै स्थानीयबासीहरुको उक्त करुवा स्तम्भ पानी जम्माहुने स्थानलाई पुरिदिन पटक पटक मौखिक अनुरोध साथै पर्क उत्तर तर्फको बाटो साँगुरो भएको हुँदा ढलान गरीदिनुहुन अनुरोध भइ आएको हुँदा उक्त करुवा स्तम्भ मुनिको पानी जम्मा हुने समस्या तत्कालिन समाधानको लागि पानी निकाली नियमित सरसफाइको व्यवस्था मिलाउने तथा करुवा पार्क उत्तरतर्फको सडक किनारामा ढलान गर्न लागि बढीमा रु ६५०००० भित्र रही प्राविधिक स्टिमेट बमोजिम कार्यसम्पन्न गर्ने र उपरोक्त कार्यहरुको लागि आगामी नगरसभाबाट अनुमोदन गराउने गरी आ.ब २०८२/०८३ का लागि स्वीकृत योजना तथा कार्यक्रम क्र.म संख्या ९२ मा उल्लेखित चटयाङबाट हुने क्षति न्युनिकरणका लागि लाईटेनिङ्ग रड राख्ने कार्यक्रमबाट रकमान्तर गर्ने ।

बिबिध सम्बन्धमा

क) कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैंक सुदृढीकरण कार्यक्रमका लागि बित्तीय हस्तान्तरण भई प्राप्त रकम अनुसार कार्यक्रम संचालनको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने

ख) माटो परीक्षणका लागि यस नगरपालिका अन्तर्गतका १० नं वडा र ११ नं वडा छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

ग) आँप लिचि प्रवर्द्धन बगैंचा ब्यबस्थापन तथा सुदृढीकरण कार्यक्रमका लागि ७ नं ८ नं ९ नं १० नं र ११ नं वडा छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

घ) चैनपुर बाह्रबिसे सडकको निर्माण कार्यमा प्राविधिक प्रतिवेदन अनुसार ग्याविन बाल सोलिङ र ढलानको काम थप भई भेरियसन हुन आएको साविक रकममा थप रकम रु १३००००० को भेरियसन अर्डर स्वीकृत गर्ने ।

ङ) न्यायिक समितिका लागि कानुनी सल्लाहकार अधिबक्ता पर्शुराम रिजालले राजिनामा दिएको हुँदा नगरपालिकाको न्यायिक समितिको लागि कानुनी सल्लाहकार अधिबक्ता उमेश शाक्यालाई नियुक्त गर्ने र निजलाई प्रति महिना रु ५५०० पारिश्रमिक प्रदान गर्ने ।

च) जिल्ला अदालत चैनपुर तथा उच्च अदालत बिराटनगरमा नगरपालिकाको तर्फबाट बहस पैरवी गर्ने कार्यको लागि पछि पारिश्रमिक तोक्ने गरी पेश्की स्वरुप हाल अधिबक्ता श्री पर्शुराम्म रिजाललाई रु २५००० पेश्की दिने ।

छ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १७२ मिति २०८२/०८/०९ पत्र अवगत गरियो ।

ज) जिल्ला प्रशासनको च.नं ८८५ मिति २०८२/७/१७ को पत्र अवगत गरियो सो सम्बन्धमा यस कार्यालयबाट मिल्दो शिर्षकबाट रु ५०००० सहयोग गर्ने ।

४

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ६

मितिः- २०८२।०८।११ गते बिहिवार      बैठक प्रारम्भः- बिहान ०८:०० बजे

झ) इलाका प्रहरी कार्यालय चैनपुरलाई कार्यक्रम संचालन गर्न मिल्दो शिर्षकबाट रु ५०००० उपलब्ध गराउने ।

ञ) मिति २०८२।०८।०६ गते गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरुलाइ क्रमश कार्यान्वयन गर्दै जाने ।

ट) नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि २०८२।७।३० गते भएको कृषकहरुसगँको छलफलको निष्कर्ष अनुरुप एकिकृत उखु खेती तथा पशुपालन सम्बन्धी परियोजनाको अवधारणा पत्र तयार गरी पेश गर्ने साथै सो का लागि आवश्यक लागत साझेदारीको रकम नगरपालिकाले व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ठ) आ ब २०८२।८३ को ७ नं वडा कार्यालय तर्फको बजेट खर्च शीर्षक ३११५१ को फलाँटे सुर्योदय आदेखि फलाँटे आधारभूत वि ओपन स्वस्थ्य केन्द्र सम्मको ट्र्याक योजना परिवर्तन गरि नापी कार्यालय देखि देउराली जाने सडक ढलान योजना कायम गरी विनियोजित रकम रु १००००० नै गरी संसोधन गर्ने निर्णय गरियो ।साथै आगामी नगरसभाबाट अनुमोदन गराउने ।

ड) वडा कार्यालयमा पञ्जिकरणको जिम्मेवारी एवं नगरपालिकाका शाखा अन्तर्गत जिम्मेवारी स्थायी कर्मचारीलाइ दिनुपर्ने कानुनी व्यवस्था अनुसार यथासम्भव दरबन्दी अनुसारका कर्मचारीलाइ जिम्मेवारी परिवर्तन साथै जम्मेवारी थपघट गर्ने सर्वसम्मत निर्णय गरियो ।

ढ) तपशिल बमोजिमका संस्था एवं व्यक्तिलाइ निम्नानुसारको आर्थिक सहयोग गर्ने निर्णय गरियो

**तपशिल**

| क स | संस्था वा व्यक्तिको नाम थर र ठेगाना | सहयोग रकम रु | कै |
|---|---|---|---|
| १ | दल बहादुर अधिकारी चैनपुर ५ | रु ४०००० | आगलागि भइ घर जलेको हुँदा अनुमानित ३ बण्डल जस्ता र किला काटी बरावरको नबढ्ने गरी । |

ण) चैनपुर वडा नं १० स्थित श्री संखुवासभा ब्राइटफ्युचर अंग्रेजी विद्यालयले कोरोना महामारीका समयमा पठनपाठन कार्य बन्द गराएको र तत् पश्चात शैक्षिक शत्र २०८१ सम्म कुनै कक्षा संचालन नगरे पनि विद्यालयको प्रशासनिक कार्य गर्नका साथै लेखापरीक्षण समेत वार्षिक रुपमा गराउदै आएको कागजात सहित शैक्षिक सत्र २०८२ बाट कक्षा संचालनका लागि नगर शिक्षा

प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

समितिमा निवेदन दिइएकोमा मिति २०८२।२।१८ गतेको नगर शिक्षा समितिको बैठकले कक्षा संचलन निरन्तरताका लागि नगरकार्यापालिकाको बैठकमा सिफारिस गरि पठाएको हुँदा यस शैक्षिक सत्रमा कक्षा १ सम्म मात्र पठनपाठन गराउन निरन्तरता दिन उपयुक्त हुने देखिएकोले कक्षा १ सम्म पठनपाठन गराउने अनुमति दिने निर्णय गरियो ।

त) चैनपुर नगरपालिका वडा नं ८ अरुणथान र वडा नं ७ को रातमाटेको स्वास्थ्य केन्द्रलाई निशुल्क जग्गा दान दिन विभिन्न व्यक्तिहरुले मञ्जुरीनामा समेत दिइसकेको हुँदा सो विवरण सहित उक्त जग्गाहरुको सन्दर्भमा सरकारी जग्गा दर्ता उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०८२ (संसोधन समेत) बमोजिमको प्रकृया अगाडी बढाउनको लागि जिल्ला प्रशासन कार्यालय संखुवासभा पठाउने ।

थ) २ नं वडा कार्यालय नयाँ निर्माण भएको भवनमा सार्दा आवश्यक पर्ने फर्निचर कार्पेट मेसिनरी औजार एवं जनसशक्ति व्यवस्थापन गर्ने ।

द) चैनपुर ११ को सिद्देश्वर बहुद्देश्य सहकारी संस्था संचालनमा आ व २०८२।८३ मा भएको खाजा नास्ता खर्च वापत एकमुष्ट रु २५००० दिने निर्णय गरियो ।

ध) विपद् चटयाङ शिर्षक बाट चैनपुर ६ मा रहेको श्री ज्ञानोपार्जन आधारभूत विद्यालयलाइ मर्मत संभार गर्न रु ५०००० दिने निर्णय गरियो ।

न) चैनपुर प्राथमिक स्वस्थ्य केन्द्रको एम्बुलेन्सको राजश्व छुट लगायतको लागि प्रदेश मन्त्रालय एवं संघीय मन्त्रलायहरुमा जानु पर्ने भएको हुँदा नगर प्रमुख मिति २०८२।८।१९ देखि २०८२।८।२८ सम्मको भ्रमण आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक ४:०० बजे यही अन्त्य गरियो।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार दाहाल
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।